नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी¸भक्तपुर

**अध्यापन अनुमति पत्रको परीक्षा मिति सम्बन्धी सूचना**

यस आयोगबाट मिति २०७६/०३/०२ गते प्रकाशित अध्यापन अनुमति पत्रको विज्ञापन बमोजिम सञ्चालन हुने परीक्षा सम्बन्धमा देहाय बमोजिम हुने गरी सूचना प्रकाशित गरिएको छ ।

१. **परीक्षा कार्यक्रम**:

| क्र.सं. | तह | परीक्षा मिति | समय | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक | २०७६/०६/०९ | विहान ८.०० वजेदेखि | |
| २ | माध्यमिक | २०७६/०६/१० | विहान ८.०० वजेदेखि | |
| ३ | निम्न माध्यमिक | २०७६/०६/११ | विहान ८.०० वजेदेखि | |

२. **प्रवेश पत्र पाउने तरिका र परीक्षा केन्द्र**अध्यापन अनुमति पत्रको परीक्षाका लागि प्रवेश पत्रआँफै प्रिन्ट गर्न सकिनेछ । सो प्रवेश पत्र प्रिन्ट गर्नका लागि २०७६ भाद्र १५ गतेपछि सूचना प्रकाशित गरिनेछ । परीक्षा सञ्चालन हुने जिल्ला र केन्द्रहरु उक्त सूचनामा प्रकाशित गरिनेछ ।

३. **वस्तुगत प्रश्नको की (Key) वा प्रश्ना सेट र उत्तरमा सङ्केत गर्ने तरिका** : वस्तुगत खण्डको उत्तर Optical Mark Reader (OMR) मेशिनद्वारा परीक्षण गरिने छ ।त्यसैले, वस्तुगत उत्तरपानालाई मोड्न वा कुच्याउनु हुँदैन । कुच्चिएको पानाको उत्तर मेशिनले नपढ्न सक्छ ।परीक्षार्थीले वस्तुगत प्रश्नमा उल्लेख गरेको प्रश्नको**की** वा **सेट** (क, ख, ग वा घ मध्ये कुनै एक)आफ्नो वस्तुगत उत्तरपानामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । जस्तै, तपाईको प्रश्नको **की**(ख) भए वस्तुगत उत्तरपानामा देहाय अनुसार गोलाकार सङ्केतमा मसी भरी चिन्ह लगाउनुपर्नेछ ।

क. ○ ख. ● ग. ○ घ. ○

वस्तुगत प्रश्नको उत्तरसङ्केत गर्दा समेत त्यसैगरीA, B, C वा D जनाउने कुनै एक गोलाकारभित्र मसी भर्नुपर्नेछ ।

४. **मसीको प्रयोग :**परीक्षामा अनिवार्य रुपमा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ ।

५. **गलत उत्तरवापत अङ्क कट्टा हुने** : वस्तुगत प्रश्नको उत्तर गलत भएमा प्रत्येक गलत उत्तरकोलागि२० प्रतिशत अङ्क कट्टा गरिनेछ ।

६. **परीक्षाको विवरण**: परीक्षा अवधि तीन घण्टाको हुनेछ । वस्तुगत प्रश्नको समय ४० मिनेट हुने र सो अवधिभित्र वस्तुगत प्रश्न हल गरी अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ ।तर ४० मिनेट अगावै वस्तुगत प्रश्न हल गरी बुझाएमा विषयगत प्रश्न वितरण गरिनेछ । विषयगततर्फ आफ्नो विषयको शिक्षण कलासम्बन्धी प्रश्न (खण्ड क) र सामान्य पेसागत ज्ञानसम्बन्धी प्रश्न (खण्ड ख)को उत्तर अलगअलग उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।